श्री

सर्वोच्च अदालतमा दायर गरेको

निवेदनपत्र

विषय-नेपालको संविधानको धारा ४६/१३३(२) (३) अन्तर्गत उत्प्रेषण परमादेशको आदेश जारी पाउँ ।

एकीकृत सरकारी कर्मचारी संगठन नेपालको केन्द्रीय कार्यसमितिको तर्फवाट अख्तियार प्राप्त उपाध्यक्ष एवं संगठनको करार समन्वय विभागको प्रमुख भइ आफ्नो हकमा समेत भारी सवारी चालक पदमा करार सेवामा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा कार्यरत

श्याम प्रसाद सापकोटा.......................................... रिट निवेदक

पक्ष

विरुध्द

१.संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौं.....१

२.अर्थ मन्त्रालय सिंहदरवार ..........................................................................१

३.प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरवार काठमाण्डौं................१

४.कानून न्याय तथा संसदिय मामिला मन्त्रालय सिंहदरवार काठमाण्डौ.............१

५.संसद सचिवालय सिंहदरवार काठमाण्डौं...............................................१

मुद्दा-उत्प्रेषणयुक्त परमादेश

१.म निवेदक व्यक्तिगत रुपमा नेपाली नागरिक हुनाको अतिरिक्त नेपाल सरकारको निजामती सेवा अन्तर्गत भारी सवारी चालक पदमा सेवामा कार्यरत कर्मचारी हुँ म संस्थागत रुपमा निजामती सेवा ऐन २०४९ को दफा ५३ अन्तर्गत दर्ता भएको एकीकृत सरकारी कर्मचारी संगठन नेपालको केन्द्रीय उपाध्यक्ष र करार समन्वय विभागको प्रमुख हुँ ।निजामती सेवा ऐन २०४९ को दफा ५३(४) (क) बमोजिम करार सेवामा कार्यरत कर्मचारीहरुको हकहितमा सोहि ऐनको दफा ५३(४)(ग) र मेरो संगठनको केन्द्रीय समितिको निर्णय बमोजिम सार्वजनिक सरोकारको प्रस्तुत विषयमा नेपालको संविधानको धारा १६,१७,१८,२५,२९,३३,३४,४२,४३ वा प्रत्यभुत मौलिक हको प्रचलनको लागि अन्य प्रभावकारी बैकल्पिक उपचार अभावमा संविधानको धारा ४६ १३३ अन्तर्गत प्रस्तुत रिट निवेदन गर्न आएको छु ।

२.नेपाल सरकारको निजामती सेवा अन्तर्गत स्विकृत दरवन्दिमा कार्यरत अस्थायी करार कर्मचारीहरुलाई पनि (योगदानमूलक सामाजिक सुरक्षा उपदान उपचार खर्च वा यस्तै प्रकारका अन्य उपयुक्त विययमा) उचित र आवश्यक व्यवस्था गर्नु भनि यस सम्मानित अदालतवाट ०६९-WS-००८ को उत्प्रेषण परमादेश मुद्दामा २०७०।१०।०९ मा विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषदक कार्यालय समेतको नाउँमा निर्देशनात्मक आदेश जारी भएको छ ।

३.सो आदेश कार्यान्वयनको लागि फेसला कार्यान्वयन निर्देशनालय वाट पत्राचार हुदँ समेत विपक्षी अर्थ मन्त्रालयको मिति मिति २०८०।१२।०९ को पत्रवाट उपदान वा क्षतिपूर्ति जस्ता राज्यकोषमा दिर्घकालिन असर पार्ने प्रकृतिका सेवा तथा सुविधाहरु कानुन बनाई सम्वोधन गर्न उपयुक्त हुने भनि राय प्राप्त भएको छ । तसर्थ यस्तो सुविधा सम्वन्धमा कानुनमा नै व्यवस्था गर्नु पर्ने देखिएको तर कानुनी व्यवस्था भइसेको हुदा कार्यन्वयन गर्न कठिनाइ भएको ब्यहोरा यस मन्त्रालयको मिति २०८०।४।३२ को निर्णय अनुसार अनुरोध छ भनि विपक्षीको तर्फवाट च न ३ मिति २०८०।५।७ मा जवाफ पठाएको छ ।

४.आर्थिक,सामाजिक तथा साँस्कृतिक अधिकार सम्वन्धि अन्तराष्ट्रिय पत्र (international convention economic social and cultural Rights-1966) धारा ७(क) को देहाय खण्ड(अ) आइ एल ओ को समान पारिश्रमिक सम्वन्धि महासन्धि नं १००(ILO convention on equal remuneration) को धारा २ र धारा ३(३) मानव अधिकार सम्वन्धि विश्वव्यपी घोषणापत्र ( Universal Human Right) को धारा २३(२) ले समान काममा समान पारिश्रमिकको प्रत्यभूति गरेको छ । हाम्रो संविधानको धारा ३४ (२) ले प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक सुविधा तथा योगदानमा आधारित सुरक्षाको हक प्रदान गर्दै धारा धारा १८ ले समानताको हकको ग्यारेन्टि गरेको छ । स्थायी र करारका कर्मचारीहरुको काम तथा जिम्मेवारीमा कानुनत: फरक नभए पनि सेवाको सुरक्षाको कारण करारका कर्मचारीहरुले स्थायी कर्मचारीहरु भन्दा वढि काम गर्नुपर्ने बाध्यता छ ।तर सेवा सुविधामा भेद रहेको छ ।

५.नेपाल सरकारको संघीय निजामती सेवाको कम्प्युटर अपरेटर,सवारी चालक, कार्यलाय सहयोगी,हल्कारा, हुलाकी को पदमा करीव १४ हजार कर्मचारी कर्मचारीहरु दशौ वर्ष देखि कार्यरत छन् । प्रदेश र स्थानीय तहमा पनि करार सेवामा उल्लेख्य कर्मचारीहरु कार्यरत छन् ।तर यकिन तथ्याङ्क सम्वन्धित निकायहरुको तथ्याङ्क व्यवस्थापनमा देखिन्दैन। म रिट निवेदक पनि मिति २०६७ सालदेखि करार सेवामा कार्यरत छु । हाम्रो न सेवाको सुरक्षा छ, न सेवा शर्त वृत्ति विकासको अवसर नै छ ।"समान कामको समान ज्याला" पाउन सकेका छैनौं । नेपाल सरकारले वजेट मार्फत तलब वृध्दि नगरि महगि भत्ता भनेर दिने र पछि महँगी भत्तालाई तलवमा रुपान्तरण गर्ने प्रवृत्ति देखिन्छ । निजामती सेवा ऐन, २०४९ को दफा २७ मा सरकारले प्रत्येक तीन वर्षमा राजस्व वृद्धिदर, मूल्यवृद्धि तथा कुल दरबन्दीसमेतका आधारमा सरकारी कर्मचारीको तलब, भत्ता पुनरावलोकन गर्नुपर्ने व्यवस्था छ । तर तीन वर्ष पछि वजेट वक्तव्य मार्फत आ.व. २०८२।०८३ मा तलव वृध्दि नगरी महगी भत्ता मात्रै वृध्दि गर्दै रु.५०००। पुर्याएक छ । करार सेवाका कर्मचारीहरुलाई महँगी भत्ता दिने गरिएको छैन । करार सेवाका कर्मचारीहरुलाई महँगि भत्ता दिन अर्थ मन्त्रालयको मिति २०७९।०१।१५ को निर्णय अनुसार वन्देज लगाएको छ । सरकारले महँगी भत्ता मात्रै वृध्दि गर्नुको अन्तरनिहित मनशाय करार सेवाका कर्मचारीहरुलाई भुक्तानी गर्नु नपरोस् भन्ने देखिन्छ । सरकारको यस्तो प्रक्रियावाट करारका कर्मचारीहरु प्रतिकुल असर परेको छ ।बारम्वार ताकेता गर्दा र ०६९-WS-०००८ को फैशला कार्यन्वयनको क्रममा फैशला कार्यन्वयन निर्देशनालय मार्फत पत्राचार गर्दा कानूनमा व्यवस्था नभएकोले करारमा कार्यरत कर्मचारीलाई महँगी भत्ता दिन नमिल्ने भनी विपक्षी अर्थमन्त्रालयले राय दिएको र विपक्षा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव स्तरवाट मिति २०८०।०४।३२ मा निर्णय गरी च. नं ९ मिति:-२०८०।०५।०७ मा फैसला कार्यन्वयन निर्देशनालयलाई जानकारी गराएको छ । कानून निर्माण वा वजेट वा प्रशासनिक निर्णय जो गर्नुपर्ने जिम्मेवारी पनि विपक्षीहरुकै हो । सम्मानित अदालतको आदेश अवज्ञ गर्न मिल्दैन ।

६.हामीलाई महँगी भत्ता, संचित विरामी विदा घरविदा संचयकोष योगदानमा आधारित सामाजिक सुरक्षा कोष उपदान लगायतक सुविधाहरु नदिइ विभेद गरिएको छ ।सँगसँगै कार्यरत कर्मचारीमा राज्यले देखादेखी विभेद गरेको छ । सेवा सुरक्षा नहुदा स्थायी भन्दा करार अस्थायी कर्मचारीहरुबाट वढि काम लिने र दिनुपर्ने तर सेवा सुविधामा विभेद गर्ने जस्तो विडम्वनापूर्ण अवस्था रहेक छ ।लोकतान्त्रिक र कानूनको शासन भएको मुलुको लागि शोभनिय छैन ।

विपक्षीहरुको नाममा निम्म आदेश जारी गरीपाउँ

क.नेपाल सरकारबाट निजामती सेवामा रहेका स्थायी र करार/अस्थायी कर्मचारीहरुलाई विभेद हुने गरी भए गरेका निर्णय पत्राचार उत्प्रेषणको आदेशले वदर गरिपाउँ ।

ख.सेवामा कार्यरत रहदा सम्म स्थायी र अस्थायी करारमा कार्यरत कर्मचारीहरुलाई महँगी भत्ता बिरामी विदा घर विदा संचयकोष योगदानमा आधारित सामाजिक सुरक्षा कोष उपदान विमा, निजामती अस्पतालमा उपचारको सुविधाहरुमा यस सम्मानित

अदालतबाट ०६७-WS-०००८ को मुद्दामा भएको आदेश समेतलाई आधार बनाइ स्थायी कर्मचारी सरह उपलव्ध गराउनु भनी परमादेश जारी गरिपाउँ ।

साथै प्रस्तुत रिट निवेदनमा माग गरिएको विषय हामी कर्मचारी र हाम्रो आश्रित परिवारको दैनिक जीवनको आधारभूत आवश्यकतासँग सम्वन्धित विषय भएकोले प्रस्तुत मुद्दा किनारा नलागेसम्म करार सेवाका कर्मचारीहरुलाई स्थायी सरह महँगी भत्ता लगायतका सुविधाहरु वंचित नगर्नु नगराउनु भनी तत्काल अन्तरिम आदेश जारी गरिपाउँ ।

संलग्न कागजात

क. मुद्दा गर्ने अख्तियारीको निर्णय उतार ।

ख.निवेदकको सेवामा शुरु नियुक्ति र म्याद थपको पछिल्लो पत्र

ग.निवेदकको नागरिकताको प्रमाणपत्रको फोटोकपी ।

घ.सम्मानित अदालतबाट ०६७-WS-०००८ को मुद्दामा भएको आदेशको फोटोकपी ।

ङ.विपक्षी नं १ ले फैसला कार्यन्वयन निर्देशनालयलाई लेखेको च.नं ९ मिति २०८०।०५।०७ को जानकारी पत्रको फोटोकपी ।

च.विपक्षी अर्थ मन्त्रालयको च.नं १७१९ मिति २०७९।०१।२१ को फोटोकपी ।

छ.संगठन दर्ताको प्रमाणपत्र र विधानको प्रतिलिपि

यसमा लेखिएको व्यहोरा ठिक साँचो छ,झुटा ठहरे कानून बमोजिम सहुँला वुझाउँला ।

रिट निवेदक

निज श्याम प्रसाद सापकोटा

इति सम्वत् २०८२ साल,असार १५ गते रोज १ शुभम् ।